"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ
## गण्डकी प्रदेश, नेपाल
## २०७३

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर २५६९

मिति : २०८२/१२/०३
ने.सं.११४६ चिल्लागा त्रयोदशी, मंगलबार

विषय :- सूचना टाँस गरिएको जानकारी सहित राय सुझाव पठाउने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, तनहुँ ।
श्री नेपाल विद्युत प्राधिकरण, तनहुँ ।
श्री डिभिजन वन कार्यालय, तनहुँ ।
श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ ।
श्री जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, तनहुँ ।

प्रस्तुत विषयमा तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १३ स्थित कमेरोखोला / सांधखोला खानेपानी योजना सञ्चालन गर्न व्यास १३ पोखरीभञ्ज्याङ, आंपस्वांरा, निबुवास्वांरा, ओटाङ्दी, चिसापानी र कटनछाप गाउँबस्तीका उपभोक्ताहरुलाई खानेपानी प्रयोजनका लागि खानेपानी योजना सञ्चालन गर्न व्यास नगरपालिका जलस्रोत कार्यविधि २०७८ बमोजिम संस्था दर्ता र जलस्रोत उपयोगको अनुमती सम्बन्धी कारबाही अगाडी बढाउने सम्बन्धमा मिति २०८२/१२/०३ गते प्रकाशित जलस्रोत उपयोग सम्बन्धी ३५ दिने सार्वजनिक सूचना यसै पत्र साथ पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिएको जानकारी सहित कार्यालयको तर्फबाट सो सम्बन्धमा राय सुझाव समेत पठाईदिनु हुन अनुरोध गरिन्छ ।

..............................
सुकदेव तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ तथा कार्यार्थ :-

श्री १३ नं. वडा कार्यालय,
व्यास तनहुँ :- उक्त सूचनालाई सम्बन्धित खानेपानीको मुल रहेको स्थानका व्यक्तिहरुको रोहवरमा टाँस गरेको मुचुल्का प्रमाणित गरी पठाईदिनु हुन । साथै सूचनाद्वारा निर्धारित मिति भित्र कोही कसैको दावी विरोध भए/नभएको व्यहोरा खुलाई निर्धारित म्याद समाप्त भएपछि यस कार्यालयमा जानकारी पठाईदिनु हुन ।

श्री कमेरोखोला/सांधखोला खानेपानी तथा सरसफाई योजना,
व्यास -१३, तनहुँ :- पत्र साथ पठाईएको सूचनालाई स्थानीय दैनिक पत्रिकामा समिति कै खर्चमा प्रकाशन गरी सो पत्रिकाको ३ (तिन) प्रति यस कार्यालयमा उपलब्ध गराउनु हुन ।

"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ
## गण्डकी प्रदेश, नेपाल
२०७३

नगर जलस्रोत समिति
व्यास नगरपालिका
दमौली, तनहुँ

खानेपानी उपभोक्ताहरुका लागि जलस्रोत सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

सूचना प्रकाशित मिति :- २०८२/१२/०३

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १३ स्थित कमेरोखोला/सांधखोला खानेपानी योजना सञ्चालन गर्न व्यास १३ पोखरीभञ्ज्याङ, आंपस्वांरा, निबुवास्वांरा, ओटाङ्दी, चिसापानी र कटनछाप गाउँबस्तीका उपभोक्ताहरुलाई खानेपानी सुविधा पुर्‍याउनका लागि श्री बिष्णु बहादुर भाटको अध्यक्षतामा ९ सदस्यीय श्री कमेरोखोला /सांधखोला खानेपानी तथा सरसफाई योजना समिति गठन गरी व्यास नगरपालिका जलस्रोत कार्यविधि २०७८ को दफा १७ बमोजिम जलस्रोत उपयोगको अनुमती पाउँ भनि उपभोक्ता समितिको तर्फबाट अध्यक्ष श्री बिष्णु बहादुर भाटले मिति २०८२/११/२९ गते व्यास नगर जलस्रोत समितिमा निवेदन दिनु भएकोले कोही कसैलाई प्रतिकूल असर पर्ने भएमा तत् सम्बन्धी विवरण खुलाई यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिनभित्र व्यास नगरपालिका जलस्रोत समिति समक्ष निवेदन पेश गर्नु हुनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उक्त म्याद भित्र कुनै प्रकारको दावी विरोध प्राप्त नभएमा नियमानुसार कारबाही अगाडी बढाउने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत